प्रतिदिन १६ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY





विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१६ । । अङ्क : १२५ ॥ २०८१ असार ०२ गते आईतबार (16th Jun 2024 Monday) | Pratidin National Daily | मूल्य-रु.५/-


## माओवादी नेतृत्वप्रति खनिए कोचहरु

# पार्टी अझ सकिदै जाने चेतावनी




झापा(प्रस) । कोचिला राज्यको मुद्धा उठाएर लथालिङ्ग छोडेको सत्तासिन नेकपा माओवादी केन्द्रका नेतृत्वप्रति कोचहरु खनिएका छन् । जातीय मोर्चाहरुलाई अपांग बनाउँदै गए माओवादी पार्टी अझ सकिदै जाने उनीहरुले चेतावनीसमेत दिएका छन् । माओवादीनिकट कोचिला राष्ट्रिय मुक्ति मोर्चाद्वारा शनिवार बिर्तामोडमा आयोजित केन्द्रीय भेला तथा प्रशिक्षण कार्यक्रममा बोल्दै कोच कार्यकर्ताहरुले माउ पार्टीप्रति तीव्र आक्रोश व्यक्त गरेका हुन् । माओवादीका केन्द्रीय उपमहासचिव हरबोल गजुरेल , केन्द्रीय सदस्यहरु सावित्रीकुमार काफ्ले, शिवकुमार मण्डल , प्रदेश अध्यक्ष हर्कबहादुर नेम्बाङ, पूर्वमन्त्री झलकसिंह दर्लामीलगायतका नेताहरुको सामुन्ने कोचहरुले आफ्ना कुण्ठित आवाज पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाललाई लगेर सुनाइदिन ध्यानाकर्षणसमेत गराए । कार्यक्रममा बोल्दै हल्दिवारीका पूर्व जनप्रतिनिधि खगेन राजवंशीले पार्टीको प्रदेश विकास परिषदमा मनोनित १५ जनामध्ये ११ जनालाई एउटै जातिबाट राखिएकोमा घोर आपत्ति जनाए । उनले पार्टीले कोचहरुलाई उचित स्थान नदिएको भन्दै झापामा कोचहरुले नै माओवादी पार्टी थामिदिएको स्पष्ट पारे । गत स्थानीय तहको निर्वाचनमा माओवादी पार्टीले मुश्किलले ७ वटा वडाध्यक्ष पद जितेको छ । त्यसमध्ये ४ जना कोच समुदायका हुन् । उनले पूर्णसिंह राजवंशी , किर्तीकुमार राजवंशीजस्ता कोच अगुवाहरुले समेत ठाउँ नपाएको अवस्थामा कोच नेतृत्वहरु सुरक्षित नभएसम्म कोचिलाको मुद्धाले ठाउँ नपाउने र पूर्वमा माओवादी पार्टीको राजनीति पनि नचल्ने दावी गरे । सशस्त्र द्वन्द्वको बेला अन्य जातिभन्दा अग्रस्थानमा रहेर कोच समुदायले दिएको बलिदान र योगदानलाई मूल्यांकन गर्न नसकेको उनको गुनासो थियो । पार्टीका मोरङ रंगेलीका नगर सचिव बद्रीनारायण राजवंशीले माओवादीले पहिचानको मुद्धा उठाएर छोडेकोमा घोर आपत्ति जनाए ।

कोच राज्य र त्यस राज्यको मुख्यमन्त्रीमा पूर्णसिंह राजवंशीलाई घोषणा गरेर पार्टीले एकाएक कोचको मुद्धा छोड्नुमा नेतृत्वको ठूलो कमजोरी भएको उनले औल्याए । झापा , मोरङ र सुनसरी जिल्ला कोचिला राज्य घोषणा नभएसम्म आफूहरु नथाक्ने उनले चेतावनी दिए । मोरङ कानेपोखरीका बमबहादुर राजवंशीले कोचिला मुक्ति मोर्चा कमजोर बन्दा र कोचहरु पलायन हुँदै गर्दा आफूलाई कोच भन्न लाज लागेको प्रतिक्रिया दिए । कलवलगुडीमा कोचिला राष्ट्रिय मुक्ति मोर्चाको प्रथम अधिवेशनबाट केन्द्रीय सदस्य चयन भएका राजवंशीले विगतको जोश जाँगर स्मरण गर्दै माओवादी पार्टीले जातीय मोर्चा जन्माएर अपांग बनाएको आरोप लगाए । ' अब कोचिला मुक्ति मोर्चा कसको लागि , केको लागि र किन चाहियो ?' उनले प्रश्न गर्दै भने ,'अरुलाई भोट दियो , जिताएर पठायो, भोट बैंकको लागि मात्र हो भने काम छैन ।' कोचहरु सुकुम्वासी बन्दै गएको र जनजीविका चलाउन गाह्रो हुँदै गएकाले अब कोचहरुले मोर्चामा नलागेर परिश्रम गरेर खानुपर्ने उनको सुझाव थियो । मोरङकै खड्गबहादुर राजवंशीले बोल्ने एउटा तर गर्ने अर्को स्वभाव भएका पार्टी अध्यक्ष दाहाललाई पार्टी नीति सही रुपमा कार्यान्वयन गर्न आग्रहसहितको सन्देश पुर्याइदिन आग्रह गरे । शिक्षकसमेत रहेका राजवंशीले पार्टी नेतृत्व सच्चिएर नआएसम्म राजनीतिमा टिक्न नसक्ने दावी गरे । प्रदेश नामकरणको सन्दर्भमा अध्यक्ष दाहालले कोचिलाको शव्द उच्चारणसमेत गर्न नसक्नु दुर्भाग्य भएको उनको भनाई थियो । माओवादीका प्रदेश कमिटीका सल्लाहकार खुल्लु राजवंशीले कोचिला मोर्चासंगै सबै जातीय मोर्चाहरुलाई बेहाल बनाएर माओवादीले ठूलो धोका दिएको आरोप लगाए । जातीय मोर्चाहरु अगाडि नबढेसम्म पार्टी अघि नबढ्ने उनले दावी गरे । मोरङका राजकुमार राजवंशीले पार्टी नेताले होइन , कार्यकर्ताले बनाउने भएकाले पार्टी नेतृत्वलाई सचेत रहन चेतावनी दिए । गौरादहका तीर्थ राजवंशीले बेपत्ता बनाइएका कोचिला मोर्चाका संस्थापक चतुरमान राजवंशीकै बारेमा समेत पार्टीले बेवास्ता गर्दै आएको आरोप लगाए । उनले अब पनि मोर्चालाई भोट बैंकको रुपमा प्रयोग नगर्न चेतावनी दिए । हल्दिवारी गाउँ कमिटीका सचिव जीत राजवंशीले कोचिला मोर्चालाई जीवन्त बनाउन पार्टी नेतृत्व लाग्नुपर्नेमा जोड दिए ।अन्य कोच नेता कार्यकर्ताहरुले पनि प्रदेशको नामकरणमा पार्टीले कोचिला प्रदेशको मुद्धा छोडेकोमा असन्तुष्टि जनाएका थिए । कोचिला राष्ट्रिय मुक्ति मोर्चाकी संयोजक तथा पार्टीकी केन्द्रीय सदस्य ममता ताजपुरिया राजवंशीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय उपमहासचिव हरबोल गजुरेल , केन्द्रीय सदस्यहरु सावित्रीकुमार काफ्ले, शिवकुमार मण्डल , प्रदेश अध्यक्ष हर्कबहादुर नेम्बाङलगायतले कोचहरुको गुनासो जायज रहेको भन्दै त्यसप्रति पार्टी गंभीर रहेको बताए । मोर्चाका केन्द्रीय सचिव किर्तीकुमार राजवंशीले संचालन गरेको कार्यक्रममा स्वागत मन्तव्य केन्द्रीय सदस्य पुकार राजवंशीले गरेका थिए । पछिल्लो समय माओवादी पार्टीप्रति असन्तुष्ट देखिदै आएका कोचिला मोर्चाका पूर्व अध्यक्ष तथा पूर्व सांसद पूर्णसिंह राजवंशी त्यस कार्यक्रममा अनुपस्थित रहेका थिए ।

# कोशी प्रदेशमा एकसय ७७ जनाको हत्या

• **लक्ष्मी उप्रेती**

मेचीनगर । कोशी प्रदेशमा १७ जना बालबालिकाको हत्या भएको छ । आर्थिक वर्ष २०७९/०८० र चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो दश महिनाको अवधिमा कोशी प्रदेशमा कुल १ सय ७७ जनाको हत्या भएको हो । त्यसमा १० बालक र ७ बालिका गरी कुल १७ जनाको हत्या भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/०८० मा ८२ जनाको हत्या भएको थियो । तीमध्ये ७ बालक र ४ बालिका गरी ११ जना थिए । ३९ पुरुष, ३३ महिला, सात बालक चार बालिकाको त्यो वर्ष हत्या भएको थियो । कार्यालयको अभिलेख हेर्ने हो भने हरेक वर्ष कर्तव्य ज्यानका अपराध बढिरहेका छन् ।




आर्थिक वर्ष २०७९/०८० को तुलनामा चालु आर्थिक वर्ष २०८०/०८१ को बैशाख महिनासम्म कर्तव्य ज्यानका घटना १३ जनाले बढेको छ । यसकारण पनि यो आर्थिक वर्षमा यस्ता प्रकृतिका घटना बढ्न सक्ने प्रहरीको अनुमान छ । चालु आर्थिक वर्षको पहिलो दश महिनामा कोशी प्रदेशका अलग अलग जिल्लामा ४९ जना पुरुष, ४० जना महिला, बालक र बालिका तीन / तीन गरी कुल ९५ जनाको हत्या भएको कार्यालयका सूचना अधिकारी प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले जानकारी दिए ।

उमेर समूहका आधारमा हत्या गरिएकाहरु १६ वर्ष मुनिदेखि ६० वर्ष उमेर माथिकासम्म छन् । आर्थिक वर्ष २०७९/०८० मा १६ वर्ष मुनिका ११ जनाको हत्या भएको छ । यसैगरी, १६ देखि २५ वर्ष उमेर समूहका ११ जना, २६ देखि ३५ वर्ष उमेर समूहका ३३ जना, ३६ देखि ४५ वर्ष उमेर समूहका १४ जना, ४६ देखि ६० वर्ष उमेर समूहका १३ जना र ६० वर्ष माथिका एकजनाको एक वर्षमा हत्या भएको प्रहरीको अभिलेखले देखाएको छ ।

आर्थिक वर्ष २०८०/०८१ मा १६ वर्ष मुनिका छ जना, १६ देखि २५ वर्ष उमेर समूहका १७ जना, २६ देखि ३५ वर्ष उमेर समूहका २८ जना,३६ देखि ४५ वर्ष उमेर समूहका २४ जना, ४६ देखि ६० वर्ष उमेर समूहका १३ जना ६० वर्ष माथि उमेर समूहका सात जना गरी कुल ९५ जनाको हत्या भएको छ । ती घटनामा संलग्न १ सय २७ पुरुष र २३ महिला गरी कुल १ सय ५० जनालाई आर्थिक वर्ष २०७९/०८० मा प्रहरीले पक्राउ गरेको प्रहरी उपरीक्षक तिम्सिनाले जानकारी दिए । यसैगरी, चालु आर्थिक वर्ष २०८०/०८१ मा भएका कर्तव्य ज्यानका घटनामा १ सय ४३ जना पक्राउ परिसकेका छन् । पक्राउ पर्नेमा १ सय ३३ पुरुष र १० महिला रहेका छन् । अभियुक्तको उमेर समूहको आधारमा १६ वर्ष मुनिदेखि उमेर नखुलेकासम्म छन् । चालु आर्थिक वर्षको दश महिनाको अवधिमा प्रदेशभरि भएका घटनामा संलग्न १६ वर्षमुनिका दुईजना पक्राउ परेका छन् भने उमेर नखुलेका एकजनालाई प्रहरीले पक्राउ गरिसकेको छ । १६ देखि २५ वर्ष उमेर समूहका ४१ जना, २६ देखि ३५ वर्ष उमेर समूहका ६१ जना, ३६ देखि ४५ वर्ष उमेर समूहका २७ जना, ४६ देखि ६० वर्ष उमेर समूहका सात जना र ६० वर्ष माथि उमेरस मूहका चार जनालाई प्रहरीले पक्राउ गरेको कार्यालयले जनाएको छ ।

अधिकांश हत्याका घटनामा घरेलु हतियार प्रयोग भएका छन् । ढोका लगाउने चुक्कुल, बाँस, फलामको बाम्फोक, खुकुरी, फलामको हम्बर प्रयोग हुने गरेको झापामा भएका हत्याका घटनाले पुष्टि गर्दछ । परिवार र आफन्तभित्रै हुने हत्याका अधिकांश घटना आवेगप्रेरित देखिन्छ । घरेलु हिंसा, आर्थिक समस्या, मानसिक समस्या, शंका, विवाहेत्तर सम्बन्ध, वैदेशिक रोजगारी, जाँड/रक्सी र लागूऔषधका कारण पनि यस्ता घटना हुने गरेको एकजना प्रहरी अनुसन्धान अधिकृतको भनाई छ । पहिले संगठित हत्या हुने गर्थे भने अहिले परिवार र आफन्तभित्रै हत्या हुने गरेका घटनाहरु पनि छन् । अहिले परिवार र आफन्तभित्रै हत्या हुन थालेपछि प्रारम्भिक अनुसन्धानको सुई नै परिवारभित्रै केन्द्रित गर्ने प्रचलनजस्तै भइसकेको ती अधिकृतको अनुभव छ ।

मदिरा सेवनपछिको विवाद, रिसिवी, आर्थिक लेनदेनका कारण हत्याका घटनाहरु भएको देखिएको प्रहरी अनुसन्धानले बताएको छ । पछिल्लो समयमा असहनशील र उत्तेजक प्रवृत्तिले भएका घटनाका प्रशस्तै उदाहरण छन् । यस्तो असहनशीलता मर्ने र मार्नेसम्म पुगेको छ, त्यो घरबाहिर होस् या घरभित्र । तथापि परिवार र आफन्तबीच हुने हत्याका श्रृंखला त्यसमा मात्रै सीमित छैन । सामाजिक बनावट, घरभित्रको वातावरण, अबिश्वास, विवाहेत्तर सम्बन्ध, यौन, आर्थिक कारोबारले निम्त्याएको विवाद, आवेग, उत्तेजना र तनावलाई नियन्त्रण गर्न नसक्दा पनि एकले अर्काको हत्या गर्ने

❖ बाँकी तेस्रो पृष्ठमा

# कोशी प्रदेशको बजेट ३५ अर्ब २७ करोड

झापा(प्रस) । कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्षका लागि ३५ अर्ब २७ करोड ९३ लाख रुपैयाँ विनियोजन गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर मगरले प्रदेशसभामा शनिवार उक्त बजेट प्रस्तुत गरेका हुन् ।
जसमा चालूतर्फ १४ अर्ब ४७ करोड २३ लाख र पूँजीगत तर्फ १६ अर्ब २० करोड २० लाख, वित्तीय व्यवस्थापनबाट २ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ अर्ब ५८ करोड ५० लाख विनियोजन गरेका छन् । जसमध्ये चालू खर्चमध्ये संघीय अनुदानतर्फ फिर्ताका लागि ३ अर्ब रहेको छ ।
उक्त खर्चको अनुमान गरिएको खर्चको स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजश्व ४ अर्ब ९८ करोड, राजश्व बाँडफाँटबाट १२ अर्ब ४० करोड ८ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण ८ अर्ब ९४ करोड ३२ लाख, सशर्त अनुदान ४ अर्ब १६ करोड ४३ लाख, समपुरक अनुदानबाट ६५ करोड ५० लाख र विशेष अनुदानबाट ७८ करोड १ लाख गरी ३१ अर्ब ९२ करोड ३४ लाख खर्च व्यहोरिने छ । बाँकी नगद मौज्दातबाट ३ अर्ब २५ करोड र वैदेशिक अनुदानबाट १० करोड ५९ लाख व्यहोरिने उल्लेख छ ।
प्रदेश सरकारले पूर्वाधारका लागि १० अर्ब ४१ करोड बजेट विनियोजन गरेको छ । कृषिमा २ अर्ब ६७ करोड, खानेपानी तथा ऊर्जामा ४ अर्ब ७६ करोड, स्वास्थ्यमा ३ अर्ब ५८ करोड, सामाजिक क्षेत्रमा १ अर्ब ५८ करोड बजेट, पर्यटन, वन तथा वातावरण २ अर्ब ८२ करोड विनियोजन गरेको सरकारले शान्ति सुरक्षा, सूचना तथा संचारका लागि १ अर्ब ३ करोड छुट्याएको छ ।
मन्त्री मगरले प्रदेशसभामा पेश गरेको बजेट चालू आर्थिक वर्षको बजेटभन्दा १ अर्ब ५३ करोड ९७ लाखले कम हो । चालु वर्षमा ३६ अर्ब ८१ करोड ९० लाख रुपैयाँको बजेट कार्यान्वयनमा छ ।
कोशी प्रदेशको विगत दुई आर्थिक वर्षदेखि नै बजेट निरन्तर खुम्चिँदै गएको देखाएको छ । संघीय सरकारले दिने विशेष अनुदान, समानीकरण अनुदान, राजश्व बाँडफाँटबाट प्राप्त हुने अनुदान तथा सशर्त अनुदान र आन्तरिक राजश्वमा उल्लेख्य वृद्धि नहुँदा प्रदेशको बजेट निरन्तर खुम्चिँदै गएको हो ।
आगामी आर्थिक वर्षको बजेटमा चालूतर्फ १४ अर्ब ४७ करोड २३ लाख र पूँजीगततर्फ १६ अर्ब २० करोड २० लाख रुपैयाँ बिनियोजन गरिएको छ । यस्तै वित्तीय व्यवस्थापनबाट २ करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ ४ अर्ब ५८ करोड ५० लाख विनियोजन गरिएको छ । जसमध्ये चालू खर्चमध्ये संघीय अनुदानतर्फ फिर्ताका लागि ३ अर्ब रहेको छ । अनुमान गरिएको खर्चको स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्व ४ अर्ब ९८ करोड, राजस्व बाँडफाँटबाट १२ अर्ब ४० करोड ८ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण ८ अर्ब ९४

❖ बाँकी अन्तिम पृष्ठमा




झा.जि.हु.क. नं. ९६/०८०/०८१ । झा. जि.प्र.द.नं. १०४/२०६५/१०/०६


# बिषयगत सञ्जालको सिकाई सहजीकरण कार्यक्रम



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिका शिक्षा शाखाद्वारा गठन गरिएको नगरपालिका स्तरीय बिज्ञान बिषय शिक्षक सिकाई सञ्जालले शनिबार एक दिवसीय मागमा आधारित सिकाइ सहजीकरण कार्यक्रम सम्पन्न गरेको छ। सञ्जाल संयोजक लक्ष्मीप्रसाद प्रसाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि शिक्षा शाखा बिर्तामोडका प्रमुख तिलचन भण्डारीले अब सञ्जाल मार्फतका कार्यक्रमले नगरपालिकाको विद्यालय शिक्षामा एकरुपता आउने र बिषयगत समस्याहरुको गाँठो फुक्दै जाने बिश्वास ब्यक्त गरे। शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष युवराज कट्टेल तथा खेम गौतमले बोलेको कार्यक्रममा जीव शास्त्रतर्फ तुलसीराम खरेल र सूचना प्रविधितर्फ मनिष साहले सहजीकरण गरेका थिए। शिक्षक तुलसीराम खरेलले सञ्चालन गरेको उक्त कार्यक्रममा नगरपालिकाभित्रका ३१ जना बिज्ञान शिक्षकहरूको उपस्थिति रहेको थियो। शिक्षा शाखाले बिर्तामोड नगरपालिकाभित्रका संस्थागत र सामुदायिक विद्यालयका शिक्षकहरू रहनेगरी पाँच वटा अनिवार्य बिषयका बिषयगत सिकाइ सञ्जाल बनाएर सिकाइ सहजीकरण गर्दै आएको छ।

# ब्यवसायी राहत कोषमा पाण्डेको सहयोग

झापा(प्रस) । 'जीपी पाण्डे' अर्थात घनेन्द्रराज पाण्डे पेशाले ब्यवसायी हुन् । घरजग्गा तथा मोवाइल ब्यवसाय गर्दै आएका उनले व्यवसायीका हरेक समस्यालाई नजिकबाट नियालेका छन् । अझ ब्यवसाय क्षेत्रमा अकल्पनीय रुपमा हुने घटनाका कारण व्यवसायीले ब्यहोर्नु परेको क्षतिको विषयले उनलाई बारम्बार पिरोलिरहन्छ ।
आगलागीलगायतका घटनाका कारण व्यवसायीले ब्यहोर्नु परेको क्षतिमा



तत्काल राहत उपलब्ध गराउने उद्देश्यले बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको 'व्यवसायी राहत कोष' का कारण उनलाई केही राहत मिलेपनि कोषमा योगदान नगरुञ्जेल मनमा शान्ति छाएन ।
संघले केही समयअघि मात्र स्थापना गरेको एक करोड रुपैयाँको व्यवसायी राहत कोषमा पाण्डेले जन्मदिनको अवसर पारेर २१ हजार १ सय ११ रुपैयाँ प्रदान गर्दै संघको सकारात्मक कार्यको प्रशंसा गरे । उनले भने,'व्यवसायीलाई विपद् पर्दा सहयोग पुऱ्याउन कोष स्थापना भएको छ यो नै खुशीको कुरा हो ,कोष बृद्धिमा मेरो पनि थोरै सहयोग रहन्छ । सबै व्यवसायीले सहयोग गर्दै कोषलाई बढाएर लानु पर्छ ।'
'जन्मदिनको अबसरमा अधिकांशले फजुल खर्च गर्छन्' पाण्डेले भने,' सामाजिक हितका लागि त्यो पैसा खर्च गर्दा भोलि विपद्मा पर्नेलाई राहत उपलब्ध गराउन मद्धत पुग्छ । तसर्थ म सबैलाई अपिल गर्न चाहन्छु कोष बृद्धिमा तपाईएको पनि योगदान रहोस् ।'

समाजसेवी तथा व्यवसायी समेत रहेका पाण्डेले संघका अध्यक्ष राजु न्यौपानेलाई रकम प्रदान गर्दै संघका अध्यक्षलगायत सबै पदाधिकारीलाई धन्यवाद समेत दिए । सो कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे 'राजु', कोषाध्यक्ष युवराज निरौला, व्यवसायी राजेन्द्र थापा, सञ्चार उद्यमी राजेन्द्र चम्लागाईलगायतको उपस्थिति रहेको थियो ।

# ७१ जिल्लामा फैलियो डेङ्गु संक्रमण

झापा(प्रस) । डेङ्गु रोगको सङ्क्रमण ७१ वटा जिल्लामा फैलिएको छ । गत जेठ ११ गतेसम्म ५७ जिल्लामा फैलिएको डेङ्गु हाल ७१ जिल्लामा पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखा प्रमुख डा गोकर्णप्रसाद दाहालले मौसम परिवर्तनसँगै गर्मीका कारणले डेङ्गुको सङ्क्रमण बढेको बताए । उनले गर्मीमा मानिसले पानी सङ्कलन गरेर राख्ने र सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भएकाले डेङ्गुको जोखिम बढेको बताए ।

"गर्मीमा पानी सङ्कलन गरेर राख्ने गरिन्छ । त्यसरी सङ्कलन गरिएको पानीमा लामखुट्टेले फुल पार्दछ । सफा पानीमा त्यही लार्भा बन्ने र मानिसलाई टोक्ने गर्दछ", उनले भने ।
उनका अनुसार ७१ जिल्लामा एक हजार एक सय ३० जनामा सङ्क्रमण देखिएको छ । गत वर्ष ७७ जिल्लामा ५१ हजार एक सय ४३ जनालाई डेङ्गु रोगको सङ्क्रमण देखिएको थियो । उनका अनुसार कोशी प्रदेशमा दुई सय ७२, मधेस प्रदेशमा ३०, बागमती प्रदेशमा तीन सय ९०, गण्डकी प्रदेशमा एक सय ७५, लुम्बिनी प्रदेशमा एक सय ३२, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिम प्रदेशमा एक सय १५ जनामा सङ्क्रमण देखिएको छ ।

# टी-२० विश्वकपमा नेपाल एक रनले पराजित

झापा(प्रस) । टी-२० विश्वकपमा नेपाल दक्षिण अफ्रिकासँग एक रनले पराजित हुँदै इतिहास रच्नबाट चुकेको छ ।
जितका लागि पाएको १ सय १६ रनको लक्ष्य पाएको नेपालले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १ सय १४ रन बनाउन सक्यो ।
नेपालका लागि आसिफ शेखले सर्वाधिक ४२ रनको योगदान दिए । उनले ४९ बलमा ४ चौका र १ छक्का प्रहार गरे ।
अनिल साहले २४ बलमा २७ रनको योगदान दिए । उनले यस क्रममा ३ चौका र एक छक्का प्रहार गरे । नेपालका लागि ओपनर कुशल भुर्तेलले २१ बलमा १३ रन जोडे । उनले एक चौका र एक छक्का प्रहार गरे ।
दक्षिण अफ्रिकाका लागि ताब्राइज साम्सीले ४ विकेट लिए भने एनरिच नोर्टजे र ऐडन मार्कमले १-१ विकेट हात पारे ।
यसअघि टस हारेर पहिलो ब्याटिङ गरेको दक्षिण अफ्रिकाले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा १ सय १५ रन बनाएको थियो । टोलीका लागि ओपनर रिजा हेन्डरक्सिले ४९ बलमा सर्वाधिक ४३ रन बनाए । उनले ५ चौका र १ छक्का प्रहार गरे । ट्रिस्टन स्टब्सले १८ बलमा २७ रनको योगदान दिए । उनले २ चौका र १ छक्का प्रहार गरे ।
कप्तान एडेन मार्कमले २२ बलमा १५ रन बनाए । उनले २ चौका प्रहार गरे । क्वीन्टन डी ककले ११ बलमा १० रन जोडे । उनले एक चौका हिर्काए ।




नेपालका लागि कुशल भुर्तेलले ४ विकेट हात पारे । ४ ओभर बलिङ गर्दै उनले १९ रनमात्र दिए । त्यस्तै, दीपेन्द्र सिंह ऐरीले ३ विकेट लिए । ४ ओभर बलिङ गर्दै उनले मात्र २१ रन खर्चिए ।
यस खेलमा कम्ब्याक गरेका सन्दीप लामिछानेले ४ ओभर बलिङ गर्दै मात्र १८ रन खर्चिए पनि विकेट भने लिन सकेनन् ।

# पाथीभरामा १६ लाख ५० हजारभन्दा बढी भेटी सङ्कलन



झापा(प्रस) ।ताप्लेजुङको पाथीभरामा जेठ महिनामा १६ लाख ५० हजार भेटी सङ्कलन भएको छ । पाथीभरामा पूजापाठ गर्न पुगेका भक्तजनले चढाएको भेटीका रुपमा सो बराबरको नगद सङ्कलन गरिएको हो । पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार जेठ महिनामा १६ लाख ६५ हजार नौ सय ५६ सङ्कलन भएको छ । सङ्कलित भेटी बैङ्कमा जम्मा गरिएको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ । समितिले मन्दिरको आय हरेक महिना सार्वजनिक गर्दै आएको छ । चालु आर्थिक वर्षको जेठसम्ममा दुई लाख २८ हजार आठ सय ९६ जनाले पाथीभरा मन्दिरमा पूजा गरेको समितिले जनाएको छ ।

# प्रताडित शिक्षकहरूको प्रतिकार समूह



भद्रपुर(प्रस) । झापाका विभिन्न संस्थागत विद्यालयबाट प्रताडित भएका शिक्षक कर्मचारीहरूको भेलाले प्रतिकार समूह गठन गर्ने निर्णय गरेको छ ।
नितेश सिंहको नेतृत्वमा भद्रपुरमा सम्पन्न भेलाले विधि र प्रकृयाविपरित शिक्षक कर्मचारी प्रताडित गर्ने संस्थागत विद्यालयबिरूद्ध प्रतिकार गर्ने निर्णय गरेको हो ।
जिल्लाभर सयौं शिक्षक कर्मचारी विनाकारण सञ्चालकबाट पीडित भएपछि प्रतिकार गर्न संगठित हुनु पर्ने अवस्था आएको प्रताडित शिक्षक कर्मचारीको भनाइ छ ।
यस वर्ष मात्र झापाका १० जना बढी शिक्षक कर्मचारीले काम गरेको समयको पारिश्रमिक माग गर्दा निष्काशनमा पर्नु परेको पीडित बताउँछन् ।
श्रम तथा रोजगार कार्यालयमा झापाका निजी विद्यालयले तलव नदिएपछि पारिश्रमिक विवादका ७ वटा मुद्धा दर्ता भएको पाइएको छ । काम लगाउने तर पारिश्रमिक भुक्तानी नगर्ने प्रवृत्ति बढ्दै गएपछि पीडित संगठित हुन थालेका हुन् ।

# विद्यार्थीलाई विपद् व्यवस्थापनसम्बन्धी अभ्यास

झापा(प्रस) । नेपाली सेनाको चारआलीस्थित अरिदमन गणले विद्यार्थीहरुलाई विपद् व्यवस्थापन प्रतिकार्य सम्बन्धी अभ्याससंगै सर्पदंश सम्बन्धी जानकारी दिन थालेको छ ।

यसक्रममा कन्काई नगरपालिका वडा नं. ३ सुरुङ्गास्थित पशुपति ईङ्गलिस सेकेण्डरी स्कुलका विद्यार्थीहरुलाई शुक्रवार अभ्यास गराइएको हो । मनसुन सुरुवातसंगै विपद्बाट जोगिन सचेतनासहित अभ्यास गराइएको गणले जनाएको छ ।
उक्त विद्यालयसंग समन्वय गरी बिहान ११ बजेबाट विपद् व्यवस्थापन प्रतिकार्य सम्बन्धी कक्षा तथा डेमोष्ट्रेशन प्रदर्शन गरिनुका साथै सर्पदंशसम्बन्धी कक्षाहरु दिउँसो ३.३० बजेसम्म संचालन गरिएको थियो। कार्यक्रममा शिक्षक, स्काउट तथा विद्यार्थीहरु गरी करिब ३०० जनाको उपस्थिति रहेको गणले जानकारी गराएको छ।

# अनेम संघ बिर्तामोडको अध्यक्षमा भट्टराई



बिर्तामोड(प्रस) । नेकपा एमालेनिकट अखिल नेपाल महिला संघ बिर्तामोड नगर कमिटीको अध्यक्षमा यशोदा प्रसाई भट्टराई निर्वाचित भएकी छन् । दोस्रो नगर सम्मेलनबाट भट्टराई अध्यक्षमा सर्वसम्मत निर्वाचित भएकी हुन् । त्यस्तै उपाध्यक्षमा नन्दकुमारी ईजम,सचिव विनिता तामाङ,सह-सचिव निर्मला ल्वागुन र कोषाध्यक्षमा नैनकला चुडालसहित ४१ सदस्यीय नगर कमिटी चयन भएको हो ।
भागिरथा आचार्य घिमिरेको अध्यक्षता तथा अनेम संघ केन्द्रीय उपाध्यक्ष मेनुका काफ्लेको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा नेकपा एमाले केन्द्रीय सदस्य गीता अधिकारी, बिर्तामोड नगरपालिकाकी नगर प्रमुख पवित्रा महतारा प्रसाई , उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, एमालेका बिर्तामोड नगर कमिटी अध्यक्ष सुवास भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

# सार्क राष्ट्र स्तरीय नाट्य महोत्सवको तयारी कार्यशाला

झापा(प्रस) । कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोग तथा क्षितिज नाट्य प्रतिष्ठान झापाको आयोजनामा संञ्चालित नाट्य कलासम्बन्धी सात दिवसीय कार्यशाला शुक्रबार सम्पन्न भएको छ । क्षितिज नाट्य प्रतिष्ठानका केन्द्रीय सल्लाहकार तथा जग्गादाता युवराज चुडालको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा बिर्तामोड नगरभित्रका सबै वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो । क्षितिज नाट्य प्रतिष्ठानअन्तर्गत नाट्य विभागका ताप्लेजुङ ,पाँचथर,इलाम र झापा जिल्लाका २१ जना प्रशिक्षार्थीहरुबिच कार्यशाला सञ्चालन गरिएको नाट्य प्रतिष्ठानकी केन्द्रीय उपाध्यक्ष सुजना खतिवडाले जानकारी दिइन् ।
प्रतिष्ठानले आगामी आर्थिक बर्ष २०८१-८२ मा सार्क राष्ट्रस्तरीय बहुभाषिक नाट्य महोत्सव गर्ने भएको हुँदा सो महोत्सवलाई मध्यनजर




गरी कलाकारहरुको स्तर उन्नतिका लागि कार्यशाला आयोजना गरिएको प्रतिष्ठानका कार्यकारी अधिकृत राजकुमार भट्टराईले जानकारी दिएका छन् । नाट्य प्रतिष्ठानका केन्द्रीय अध्यक्ष तथा झापा नाटक घर निर्माण कार्यका परिकल्पनाकार अभियन्ता माधब कल्पितको निर्माण परिकल्पना र गजेन्द्र पृथकको लेखन निर्देशनमा आधारित नाटक परिबन्धको समेत पूर्वतयारी भइरहेको प्रतिष्ठानका पाँचथर शाखा अध्यक्ष नरेन्द्र खतिवडाले जानकारी दिए । आगामी आर्थिक बर्ष क्षितिजको भौतिक निर्माणका साथै सार्क केन्द्रीकृत नाट्य महोत्सवको बर्ष रहने र सो नाट्य महोत्सवमा सात प्रदेशबाट १४ वटा ,सार्क राष्ट्रबाट १४ वटा र आयोजकको तर्फबाट १ गरी २९ वटा नाटक एक महिनाभर मञ्चन गर्नेगरी महोत्सवको आयोजना गर्न लागिएको नाट्य बिभागका अध्यक्ष गजेन्द्र पृथकले बताए । करिव ६० लाखको लगानीमा सम्पन्न गर्ने गरी आयोजना गर्न लागिएको महोत्सवलाई मध्यनजर गरेर बजेट बिनियोजन गरिदिनु हुन प्रतिष्ठानले संघ, प्रदेश र बिशेषतः बिर्तामोड नगरपालिका र बिर्तामोडका सबै वडा कार्यालयहरुलाई आग्रह गरेको अध्यक्ष कल्पितले जानकारी दिएका छन् ।सरकारी विद्यालयका न्यून आय स्रोत भएका विद्यार्थीहरु जसको नाटक घरसम्म पुगेर नाटक हेर्न सक्ने पहुँच र स्रोत छैन, उनीहरुलाई महोत्सवमा बढीभन्दा बढी सहभागी गराउने लक्ष्य रहेको साहित्य बिभाग उपाध्यक्ष दुर्गाप्रसाद सिग्देलले बताए । उनले सरकारी विद्यालयका करिव २ हजार विद्यार्थीलाई प्रत्यक्ष राहत पुग्ने गरी भाषा,कला साहित्य संरक्षण तथा प्रबर्द्धनात्मक शिर्षक अन्तर्गत बजेट बिनियोजन गरि कला साहित्यलाई जीवन उपयोगी पाठको रुपमा विकास गरिदिनु अनुरोध गर्दै कार्यशालामा सबै जनप्रतिनिधिहरुलाई निमन्त्रणा गरिएको जानकारी दिए ।
निर्माण अनुगमन समिति अध्यक्ष भोजकुमार मास्केको अध्यक्षतामा आयोजित कार्यक्रममा कलाकारहरुले नाटक, गीत संगीत र नृत्य प्रस्तुत गरेका थिए । कार्यक्रममा साहित्य बिभाग सचिव ताराप्रकाश भट्टराईले स्वागत र केन्द्रीय अध्यक्ष माधब कल्पितले सञ्चालन गरेका थिए ।

## कोशी...

करोड ३२ लाख, सशर्त अनुदान ४ अर्ब १६ करोड ४३ लाख, समपुरक अनुदानबाट ६५ करोड ५० लाख र विशेष अनुदानबाट ७८ करोड १ लाख गरी ३१ अर्ब ९२ करोड ३४ लाख खर्च व्यहोरिने छ । बाँकी नगद मौज्दातबाट ३ अर्ब २५ करोड र वैदेशिक अनुदानबाट १० करोड ५९ लाख व्यहोरिने उल्लेख बजेटमा छ ।
आगामी आर्थिक वर्षका लागि प्रस्तुत गरिएको बजेटमा चालु आर्थिक वर्षको भन्दा चालू खर्च झण्डै २ अर्ब बढाइएको छ भने पूँजीगत खर्च झण्डै ४ अर्बले घटाइएको छ । आगामी आर्थिक वर्षका लागि चालूतर्फ १४ अर्ब ४७ करोड २३ लाख र पूँजीगत तर्फ १६ अर्ब २० करोड २० लाख विनियोजन गरिएको छ । चालू आर्थिक वर्षको बजेटमा भने चालूतर्फ १२ अर्ब ६८ करोड १० लाख ८३ हजार र पूँजीगततर्फ २० अर्ब ३८ करोड १५ लाख ८२ हजार बिनियोजन गरिएको छ ।
चालु वर्षको बजेट पनि ८० प्रतिशत मात्रै खर्च हुने आर्थिक मामिला तथा योजना मन्त्री मगरले अनुमान प्रस्तुत गरेका छन् ।

जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना ३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पति संरक्षणमा नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## के छ यार ?



• त्रिलोचन सुवेदी

कसैले के छ भनेर सोधिहाल्दा
एउटा जिन्दगी छ भनेर
अत्यधिक सजिलोसँग भन्न पाए
हुन त जिन्दगी नभएको होइन
र पनि जिन्दगी सहज छैन
कसैलाई खान छैन
कसैलाई लाउन छैन
कसैको सन्तान
कसैको मन छैन

सन्तान भएकाहरूसँग पनि
सँगै सन्तान छैन
एक दिन इन्टरनेट र नेटवर्क नहोस्
त्यो दिन आफ्नै छोराछोरीसँग सम्पर्क छैन
बा आमा मात्र छन् गाउँको घरमा
बा आमालाई सन्चो छैन
छोरो थियो नजिक छैन
छोरालाई विदेश बाहेक अन्त केही छैन
छोरी थिई, माइतमा छैन
जिन्दगी एक्लो छ, जीवनसाथी छैन
जीवनसाथी छ, जिन्दगी बुझेको छैन
बत्ती छ, उज्यालो छैन
मन छ, स्थिर छैन
ऋण छ, तिर्नु छैन
खाता छ, असुल छैन
पसल छ, व्यापार छैन
धन छ, शान्ति छैन
जागिर छ, पुगेको छैन
तलब छ
भ्रष्टाचार रोकेको छैन
बिरामी छ औषधि छैन
स्वास्थ्य चौकी छ
डाक्टर छैन
धारो छ
खोकी लाग्दा तातो पानी छैन
देश छ
भन्न लायक अवस्था छैन
नागरिकता छ
कतै पनि प्रयोग छैन
शिक्षा र सिप छ, रोजगारी छैन
खेत बाँझो छ, भकारीमा धान छैन
इच्छा छ, सम्मान छैन
गाउँ छ, बसाइँ छैन
स्कुल छ, पढाइ छैन
कार्यालय छ, सुशासन छैन
व्यक्ति छ, व्यक्तित्व छैन
मुख छ, मिठास छैन
दिमाग छ, प्रयोग छैन
प्रमाणपत्र छ, परिचय छैन
वातावरण छ, स्वच्छ छैन
यहाँ सब थोक छ, केही छैन
जे छ केही होइन
यहाँ राजनीति छ, सेवा छैन
सरकार छ
म छु भन्ने उसलाई थाहा छैन
के छ भन्नु यार
एउटा जिन्दगी छ भन्छस्
जिन्दगीलाई जिन्दगीको आभास छैन।

## टर्निङ पोइन्ट बनेको त्यो घटना!



• देब नेपाली

काठमाडौं, नेपालको राजधानी, जहाँ विकासका ठूलठूला संरचनाहरू उभिएका छन्, तर कहिलेकाहीँ यो सहर उराठलाग्दो पनि बन्छ। विशाल भीड, धुलो र धुँवा, निरन्तर हल्ला–यी सबैले यसलाई उराठलाग्दो बनाउँछन्। यसैबीचको कथा हो, जीवनसँग संघर्ष गरिरहेको एक युवाको।

गाउँबाट काठमाडौं आएको थिएँ, धेरै पढ्छु, राम्रो जागिर गर्छु भनेर, तर सोचेजस्तो नहुनु नै जिन्दगी हो भनिन्छ। सहरका उज्याला बत्तीहरू र भव्य संरचनाहरूले मलाई मोहित बनाए पनि, वास्तविकता बिस्तारै प्रकट हुँदै थियो। म यो सहरको कोलाहलमा हराउन थालेको थिएँ। मेरो मनमा भने गाउँको शान्ति, हरियाली, र खुला आकाशको याद आइरहन्थ्यो।

मैले काठमाडौंमा जीवन सजिलो छ भनेर जति सोच्थेँ, मेरो कल्पनाभन्दा यताको विपना सयौं गुणा फरक थियो। बिहानदेखि बेलुकासम्म बसमा खचाखच भरिने भीड, सवारी साधनको धुँवा, अनि चौबिसै घण्टा बज्ने हर्नको आवाजले मेरो जीवनलाई थकित बनाइरहेको थियो। यी सपनाका गल्लीहरूमा मेरो सपनाको कोठा पनि सानो र अँध्यारो थियो, जहाँ घामको झुल्को कहिल्यै देखिँदैनथ्यो।

ती भित्तामा सझिएका अनेकौं ज्ञानका भण्डार जसलाई मैले दिनरात नभनी कोरेको थिएँ। सकिन लागेको चामलको बोरा, खित्त हाँसेको ग्यास, सहरको सुखिलो जिन्दगीमा, अस्ताएका मेरा भाँडाकुँडाहरू, लाग्छ वर्षौंदेखि माइन झ्याएको छैन।

कोठामा भएको सानो ऐना जसमा म आफैलाई हेर्दै भन्छु, 'सहर गएर काम गर्छु, पैसा कमाउँछु, धनी बन्छु भन्दै आएको थिइस् त, अहिले यहीँ कोठाको भाडा पनि घरको अनाज बेचेर पठाउनुपर्छ। खै, यतिका समय भइसक्यो, न त राम्रो काम भेटेसी, न त कुनै ठाउँमा नाम निकाल्न सकिस्।'

आफ्नै अन्तरात्माबाट यस्ता वाक्य स्पष्ट सुन्छु, 'हुने खानेको लागि हो सहर, हामी हुँदा खानेहरूको लागि होइन। यहाँ हरेक चिजमा व्यापार छ। कुनै दिन स्वास फेरेको पनि पैसा लाग्न सक्छ। हुन त काठमाडौंको हावा यति शुद्ध पनि छैन। बिना मास्क लगाएर बाहिर निस्किँदा साँझ कुन चाहिँ हस्पिटलमा गएर अपरेसन गराउनुपर्ने हो, सोझै अनुमान लगाउन सकिन्छ।'

काठमाडौंमा जीवन निर्वाह गर्न कि त पैसा हुनुपर्छ, कि त ठग्न जान्नुपर्छ। यहाँ कुरा बिक्छ रे मान्छेको व्यक्तित्व किन्न। खैर, मलाई अब यी कुराहरूको आदत भइसक्यो। भरोसा कसैसँग लाग्दैन, कहिलेकाहीँ त म आफैसँग पनि प्रश्न गर्छु, 'कतै यो उराठलाग्दो ठाउँले मलाई त उराठलाग्दो बनाएको छैन?'

अब म गाउँमा नयाँ भएको छु,

यो सहरमा पुरानो छाप बसेको छ।

हजारौं प्रयास गर्दा एउटा होटलमा वेटरको काम पाएको छु। दिनरात नभनी काम गर्नुपर्छ, बिहान कलेज जाँदै ठिक्क, कहिलेकाहीँ त खाना खाने समय मिलाउन पनि मुस्किल हुने गर्छ। यो सहरले मलाई आफै जस्तो बनाउँदै छ, र म बनिँदै छु।

एकदिन, होटलमा काम गरिरहेको बेला, एक जना ग्राहकले मलाई बोलाए। उनी एक प्रतिष्ठित लेखक थिए। उनले मलाई सोधे, 'के तिमी यो सहरमा नयाँ छौ?'

मैले मुस्कानसहित जबाफ दिएँ, 'नयाँ त होइन तर, यो ठाउँमा म समावेश हुन सकिराको छैन।'

'तिमीलाई साहित्यमा रूचि छ क्या हो?'

'हो, मलाई साहित्यमा धेरै रूचि छ। साहित्यले मानिसको मनोभावना, समाजका विविध पाटा, र जीवनका अनुभवहरू प्रस्तुत गर्न मद्दत गर्छ। तपाईंलाई पनि साहित्यमा रूचि छ र?'

मेरो प्रश्नले उनी अलिकति झस्किए। उनको अनुहारमा एकछिनको लागि अनौठो भाव देखियो।

उनले मलाई आफ्नो सम्पर्क नम्बर दिँदै भने, 'यदि तिमीलाई सहयोग चाहिन्छ भने मलाई सम्पर्क गर्नू।'

उनी एउटा लेखक रहेछन्। उनका केही पुस्तकहरूको बारेमा थाहा पाउनेबित्तिकै मैले उहाँसँग सम्पर्क गर्ने निर्णय लिएँ।

यो घटनाले मेरो जीवनमा नयाँ मोड ल्यायो। म लेखकसँग सम्पर्कमा आएँ र उनको मार्गदर्शनमा लेख्न थालेँ। केही महिनापछि, मेरो पहिलो कथा सेतोपाटी अनलाइन मिडियामा प्रकाशित भयो। त्यो मेरो लागि गर्वको क्षण थियो। मैले थाहा पाएँ कि संघर्षको बीचमा पनि अवसरहरू लुकेका हुन्छन्।

मेरो कथा पढेर धेरैले प्रेरणा पाए। म एउटा लेखकको रूपमा स्थापित भएँ। म अहिले पनि होटलमा काम गर्छु, तर म अब सन्देश दिने एउटा माध्यम पनि छु। मेरो जीवनले नयाँ दिशा लिएको छ। मैले काठमाडौंको उराठलाग्दो वातावरणलाई जितेको छु।

मेरो कथा यहाँ समाप्त हुँदैन। यो केवल सुरूआत हो। म अझ धेरै लेख्नेछु, नयाँ नयाँ अनुभवहरू संकलन गर्नेछु। काठमाडौंको उराठलाग्दो जीवनलाई म अब सकारात्मक दृष्टिकोणले हेर्छु। यो सहरले मलाई संघर्ष गर्न सिकायो, र यही संघर्षले मलाई सफलता दिलाउने छ भन्ने आशा राखेको छु।

यो कथा यसरी नै अघि बढ्नेछ, जहाँ म आफ्नो यात्रामा अझै धेरै संघर्ष र सफलताका कथाहरू लेख्नेछु। हर दिन नयाँ उत्साहका साथ बाँच्दै, काठमाडौंको जीवनलाई स्वीकार गर्दै, म आफ्नो सपनाको बाटोमा अघि बढ्नेछु।

हारेको छैन म हराएको छैन

गन्तव्य टाढा भए पनि डराएको छैन

भर्खर त सुरू हुँदैछ जिन्दगीको पाठ

यात्रा जारी छ म सकिएको छैन

## 'म बिहे गर्दिनँ'



• कमला अधिकारी

प्रेम अनि सम्बन्ध फरक कुरा रहेछ। सम्बन्ध जानेर, जोखेर, तौलेर फाइदा बेफाइदा अवगत गरी जोडिन्छ। प्रेम स्वतःस्फूर्त हुन्छ, चाहे वस्तु होस् वा व्यक्ति। सम्बन्धमा आशा, आकाङ्क्षा जेलिएको हुन्छ, उद्देश्य हुन्छ। उद्देश्य प्राप्तिपछि सम्बन्धको म्याद सकिन्छ। आफै चमक हराएर जान्छ।
उद्देश्यले गाँसिएका सम्बन्धहरूमा स्वार्थ लुकेको हुन्छ। रहिहाले पनि भित्र भित्र द्वन्द्व र अशान्ति जन्मिरहेको हुन्छ। प्रेम दुई आत्माको मिलन हो। आफै जन्मन्छ, कतिले देखाउँछन् त कतिले मेटाएको बहाना गर्छन्। कुनै व्यक्ति, वस्तु र चिजबिजसँग प्रेम हुनु कुनै एक स्वस्थ व्यक्तिको विशेषताभित्र पर्दछ। प्रेमले मात्र जिन्दगी त चल्दैन तर जीवनलाई गति दिनका लागि व्यक्तिले अनेकौं सम्बन्धहरूको सिर्जना गर्दछ।
ब्याचलर इन नर्सिङ सकेर प्राइभेट हस्पिटलमा काम गर्न थालेकी थिएँ। ड्युटीको फिक्स समय थिएन, कहिले दिन त कहिले रात गर्नुपर्ने। वास्तवमै एउटा नर्सले बिरामीलाई गरेको सेवाको मूल्य कति हो त? यो बेडबाहिर रहेको कानुनविद्हरूले तय गर्न सक्ने विषय पनि त होइन। बेडमा जीवन मृत्युसँग जुधिरहेका निराशाले भरिएका शिथिल शरीरहरूले मात्र यसलाई मूल्य दिन सक्छन्। कसको कति मूल्य भन्ने कुरा समय अनि परिस्थितिले बताउँछ। आफू बेसहारा हुँदा पाएको सहारा, अशक्त हुँदा पाएको सेवाहरूको मूल्य पैसाले चुकाउन सकिँदैन। यो अमूल्य हुन्छ।
मेरो ड्युटी प्रायः बच्चा वार्डमा पर्ने गर्थ्यो। जहाँ साधारण पारिवारिक पृष्ठभूमिका बिरामी बच्चाहरू भर्ना गरेर राखिएका हुन्थे। बच्चाको साथमा रहेका आमाहरूको अनुहारको रङलाई पहिल्याउन खोज्थेँ। बच्चा वार्डको बेड नम्बर १८ मा एउटा बच्चालाई स्तनपान गराइरहेकी दिदीलाई देखेँ। अनुहार हेर्दा लाग्थ्यो तीन दशक काटेकी छिन्। समय रातको थियो तर उनको परिस्थिति बिना साथको थियो।
औषधि सकियो। क्लिनिकमा लिन जानुपर्ने, यताउति हेर्न थालिन्। बच्चा रोइरहेको थियो। ती दूधे बालकको आमाभित्रको गुम्साहट र अनुहारको विवशतालाई मैले धेरै बेर हेर्न सकिनँ। उनको हातमा भएको लिस्ट लिएर क्लिनिकमा गएँ। औषधि ल्याएर थमाएँ। उनको शरीरले लामो श्वास फेरिरहेको थियो। मन, मस्तिष्क, ध्यान, कर्म सबै त्यही बिरामी छोरामाथि थियो। जन्मजात रूपमा बनेको कति मिठो सम्बन्ध थियो आमा र छोराको। न त्यो सम्बन्धलाई कसैले नामेट गर्न सक्छ। न कसैले पुस्तकका गाता सरी फेर्न सक्छ। उनको नजिकै गएँ, प्रश्न सोधेँ।
'तपाईंको घरमा अरू कोही हुनुहुन्न? एक्लै आउनु भा'को?'
उनले टाउको हल्लाउँदै गह्रुङ्गो मनबाट असजिलो गरी उत्तर दिइन्, 'घरमा म एक्लै हो। श्रीमान् विदेशमा हुनुहुन्छ। बाबुलाई ठिक हुन्छ नि सिस्टर?'
उनले मधुरो आवाजमा डराई डराई सोधेकी थिइन्।
परदेशिनुको पीडा श्रीमानलाई पनि हुँदो हो अनि घरका लालाबाला हेरेर आफ्नो जवानीलाई एक्लो बनाएर जीवन जिउनुको पीडा उनलाई पनि हुँदो हो। अस्पतालमा बिरामीको चाप बढिरहेको थियो। उनको अनुहारको रङ धमिलिँदै गइरहेको थियो। अनुहारले समय अगाडि नै बुढ्यौलीलाई स्वागत गरेजस्तो लाग्थ्यो। मान्छेको सम्बन्धको त के कुरा, जब समय प्रतिकूल बन्छ तब आफ्नै शरीरसँग मन र मस्तिष्कले पर्

न दूरी बढाउँदो रहेछ।
मेरो ड्युटी सकिनै लागेको थियो। म साथीहरूसँग बिदाइ भएर घर जान गाडी चढेँ। मेरो फोनमा घण्टी बज्यो। फोन उठाएँ। अङ्कल बोल्नुभएको थियो, 'नानी, आज घरमा पाहुना आउनु भएको छ। घर आउँदा राम्रोसँग ऐना हेरेर आएस् है।'
मलाई निकै हाँसो उठ्यो।
'किन हेर्नुपर्‍यो अङ्कल ऐना? ऐनाले मेरो चित्र देखाउला तर चरित्र देखाउन सक्दैन,'
म ठट्टा गर्दै थिएँ। फोन आमाको हातमा कति बेला सरेछ थाहै पाइनँ।
'नानी, आज तिम्रो हात माग्न आएका छन्। घर आउँदा देखिन लायक बनेर आएस् नि। अलि कुल घरानकी छोरीजस्तो बनेर।'
मैले कुरा बुझिहालेँ। अङ्कल ल्याब टेक्निसियन, आफ्नै हस्पिटलमा काम गर्ने डाक्टरसँग धेरै पहिला मेरो कुरा चलाउनु भएको थियो। तर उबेला मैले बिहे गर्न मानिनँ। फेरि त्यही प्रस्ताव आएको थियो। म घरमा पुग्दा लिभिङ रुममा पाहुनाहरू लस्करै हुनुहुन्थ्यो।
म मेरो कोठामा पसेँ। आमाले चिया ट्रेमा राखिदिनु भयो। तर मलाई चिया दिन जान मन लागेको थिएन। किनकि मनमा बिहे गरूँ जस्तो भावना जागेकै थिएन। जसोतसो चिया लगेँ।
आमाले सम्झाउन थाल्नु भयो, 'हेर नानी, कुल घरान राम्रो छ। केटो डाक्टर हो। ज्वाइँ डाक्टर पाउनु त हाम्रो पनि भाग्य हो। यस्तो चानस बार बार आइराख्दैन। दुई चार वर्षपछि त तेरो बिहे गर्ने उमेरले पनि नेटो काटिसक्छ। बिहे भन्ने कुरा बेलैमा गर्नुपर्छ। नाइँ नभनेस् है छोरी।'
मैले बुवाको आँखामा हेरेँ। उहाँको आँखाले पनि त्यही इसारा गरिरहेको थियो। पेसाले बुवा शिक्षक हो, निकै इमानदार अनि त्यही इमानदारिताले कमाएको एउटा सानो घर छ। सम्पत्तिको नाममा त्यही एउटा घर र सानो घडेरी छ। भाइ सानो छ। उसको पढाइ लेखाइको खर्च कसरी जुटाउने? बाटो खोज्नु थियो। मैले बिहे गर्दैमा जीवन सुखी हुन्छ भन्ने पनि त थिएन। मनमा कुरा खेल्दै थियो। अङ्कलको बोलीले म झसङ्ग भएँ।
'छोरी भाग्यमानी छ, हामीलाई डाक्टरको प्रस्ताव आउनु सानो कुरा होइन। नानी, तिमी नमान्ने त कुरै भएन। बरु सुन्नुस् त दाइ, दाइजो त राम्रै दिनुपर्छ। डाक्टर खानदानको इज्जत, मान, मर्यादा राख्नुपर्छ। त्यसैले त्यो एउटा घडेरी बेच्नुपर्छ दाइ।'
मलाई निकै दुःख लाग्यो। जुरुक्क उठेँ।
'अङ्कल, मलाई केटो मनै परेन। म बिहे गर्दिनँ।'
यदि के बोलेकी थिएँ, अङ्कलको प्रेसर बढ्न थाल्यो।
'हुन त हो, डाक्टर मात्र होइन सबै पेसाका मानिसको इज्जत हुन्छ। आफ्नो आत्मसम्मानको कुरा हुन्छ। तर धन, सम्पत्ति, मान मर्यादा त आफ्नो सत्कर्मले कमाउने हो अङ्कल। त्यो दाइजोको आशाले जोडिएको सम्बन्ध कति दिनसम्म टिक्ला, सोच्नु त? दाइजो थोत्रिएपछि सम्बन्ध पनि त थोत्रिन्छ। बाहिरबाट हेर्दा छोरीको घर सुन देख्नेले सोच्नुपर्छ कतै भित्र-भित्र घुन पो लागिरहेको छ कि! बिहे गर्दा माग राख्ने होइन, इच्छाले लिने र दिने हो। केटी हेर्न आउने अनि दाइजो डिमान्ड गर्ने, म यो सम्बन्धमा खुसी रहुँला भन्ने के ग्यारेन्टी छ र? छोरी बोझ होइन, हजुरको सोच नै आफ्नो लागि बोझ बनेको छ। यो आडम्बरको पर्दा हटाउनुस्। अङ्कल, डाक्टरलाई केटी अन्तै खोज्नुस्, म बिहे गर्दिनँ। पढेलेखेका धन सम्पत्तिको खोल ओढ्नेहरू नै अबुझ देखेकी छु मैले, आफ्नो भाग्यमा लेखेको कसैले मेटेर मेटिँदैन। मैले पनि आफ्नो हैसियतलाई उचाइ दिन प्रयत्न गर्नेछु।'

अङ्कल मेरो मुखमै नहेरी घरबाट निस्कनु भयो। आमाका आँखा रसाएका थिए। बाको शिर निहुरिएको थियो। बुवा आफै शिक्षक भएर पनि कति अबुझ जस्तो लाग्थ्यो मलाई। थाहा छैन म वैवाहिक सम्बन्धमा बाँधिन्छु या बाँधिन्नँ? तर मलाई मेरो कर्ममा विश्वास छ। मेरो कर्म, सत्कर्मसँग प्रेम छ।

# भ्रष्टाचारबिरूद्ध उभिन केले रोक्छ ?

• द्रोण अधिकारी गुयेली

वर्तमान नेपाली समाजको चित्रले नेपाल कतै भ्फारीखाने बाटोमा लागेको त होइन ? भन्ने प्रश्न उठाइरहेको छ । आदर्श मानिएकाहरू नै समाज र देशको हितविपरित आचरण बिगारिरहेको अवस्था छ । नेपाली समाजको नेतृत्व गरिरहेकाहरू हरेक पटक कुनै न कुनै रूपमा भ्रष्ट आचरणबिरूद्ध धारेहात लगाएर बोलिरहेको सुनिन्छ तर, उनीहरूकै व्यवहारले भ्रष्ट आचरणको पालक पोषक उनीहरू नै हुन् भन्ने देखाइरहेको हुन्छ । लोभ र महत्वकाँक्षाका कारण नेपाली समाजमा हरेक वर्ष भ्रष्ट आचरण भएका व्यक्तिको संख्या बढ्दै छ । तिनै व्यक्तिहरू समाजको नेतृत्वमा पुगिरहेका हुन्छन् । बोल्दा एउटा र गर्दा अर्कै आचरण देखाएर विस्तारै समाजलाई नै भ्रष्टीकरणमा नराम्ररी छोड्ने गरेका छन् । यस्ता आचरण भएकाले देशको नेतृत्व गर्ने व्यक्तिलाई छिटोभन्दा छिटो प्रभाव पार्दा भ्रष्टाचारले देशको सिङ्गै अवयवलाई नियन्त्रणमा लिएर बन्धक बनाइसकेको अवस्था छ । तर, देशको कार्यकारी अधिकारसहित नेतृत्व गरिरहेका प्रधानमंत्री, उनका सहकर्मी र हरेक दलको नेतृत्वमा रहेका नेताहरू सुशासन र समृद्धिका भाषण गाइरहेकै छन् । यो श्रृङ्खला स्थानीय तह, प्रदेश तहमा पनि निरन्तर अनुयायीका रूपमा बढिरहेको अवस्था छ । तीन तहकै सरकार आफ्नै मादल, आफ्नै ढोलकका तालमा आफ्नै छन्द र लयका भाषण छाँटेर भ्रष्टाचारको बिरोधमा आवाज ओकलेजस्तो गरेपनि वास्तवमा भ्रष्टाचारीको संरक्षण भने निर्वाध गरिरहेका छन् । भाषणले मात्र देशमा समृद्धि र सुशासन ल्याउन सकिंदैन भन्ने भाषणकर्ताले बुझ्ेका छन् वा छैनन् ? उनीहरू नै जानून्, तर सत्य चाहिँ के हो भने भाषणले मात्र भ्रष्टाचारको अन्त्य संभव हुँदैन । आचरण र व्यवहार सुधार्दै भ्रष्टाचारबिरूद्ध कठोर कानून कार्यान्वयन गर्न कुनै पनि तहका नेतृत्व अगाडि सर्न सकेको अवस्था छैन । यसकारण भाषणवाजहरू जनतामा ढाँट कुरा भने पक्कै गरिरहेका छन् । उनीहरूको बोली र व्यवहारले देश अनि जनताको भलाइ हुने कुनै पनि काम भएको देखिदैन । कोही मिसन चौरासीको नाममा देश र जनता ढाँट्दै छन् भने कोही राज्य सञ्चालनका नाममा समृद्धि र विकास भन्दै कमिशनको खेल खेलेर दिउँसै रात पर्नेगरी ढाँटिरहेका छन् । यी सवै कृयाकलापसित कही न कही भ्रष्ट आचरण लुकेर बसिरहेको छ । नागरिकमा निराशा छ भन्ने तर के कारण निराशा बढिरहेको छ त ? उत्तर नबुझ्ने नेतृत्व रहेको वर्तमान नेपालको राज्य संयन्त्रमा भ्रष्ट आचरणले कब्जा जमाइरहेको छ । यही प्रबृत्ति नागरिकको निराशा हो । देशकै निराशाको श्रोत बनिरहेको भ्रष्ट आचरण के कारण हटाउन सकिदैन त ? यसको उत्तर नभेटिएसम्म नागरिकमा आशा पलाउन निकै कठिन छ । अहिले समाजमा भ्रष्टाचारको बिरोध गर्ने एक्लो वृहस्पति बन्नु पर्ने बाध्यता छ । यहाँ सही भन्दा गलत प्रवृत्ति शक्ति उन्मुख भएकै कारण भ्रष्टहरू बलशाली बन्दै गएको प्रष्ट छ ।

भ्रष्टाचार विभिन्न स्वरूपमा समाजमा निर्वाध घुमिरहेको छ । घुसखोरी, कमिशनखोरी, घोटालाबाजी, व्यक्तिगत फाइदाका लागि संवैधानिक कानुन, नीति र विधिविपरित लविङबाजी, राजस्व छल्ने, मिलिभगतमा जस्तासुकै काम गर्ने, सेवा प्रवाहमा नगइ तलव-सुविधा भोग गर्ने प्रचलन नेपाली राजनीतिले नीतिगत आधारमा निरन्तर गरिरहेको अवस्था छ । काम गर्ने निमुखाहरूको मूल्याङ्कन छैन । श्रमजीविहरूको श्रमको सम्मान र उचित मूल्य पनि छैन । श्रममारा शोषकसित मिलिभगतमा श्रमिक मार्ने नीति चोर पालिरहेको अवस्था छ । तर पनि नेतृत्वमा रहेकाहरू भ्रष्टाचारबिरूद्ध कृत्रिम भाषणवाजी गरिरहेका छन् । उनीहरूकै कारण कालाधन्धेहरूसँग सेटिङबाजी, अनियमितताको प्रविधिबाट पेट भर्ने दुष्कर्मजस्ता थुप्रै फोहोर विषयहरूको समष्टिगत रूप भएर भ्रष्टाचार दिन प्रतिदिन समाजमा स्थापित भइरहेको छ । अथवा, नगर्ने काम गरेर लाभांश खाने छद् मजाल र प्रपंचको संक्षेपीकृत घिनलाग्दो काम भएर बसिरहेको भ्रष्टाचारी आचरण समाजमा धनको रूपमा इज्जत बन्दै छ । भ्रष्टाचारकै कारण देशको उन्नति नभएको तथ्य नेपाली राजनीतिले बुझ्ेर पनि बुझ् पचाउँदा संसारका अति भ्रष्ट शासक भएको देशको पहिचान बोकेर नेपालीले हिडिरहनु परेको छ । पछिल्लो भ्रष्टाचार नियन्त्रण र सुशासनको अध्ययनले विगतभन्दा कम भ्रष्टाचार भएको देखाएपनि नेपालको सुशासनको अवस्था निराशाजनक देखिएको छ। भ्रष्टाचारविरुद्ध क्रियाशील ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको 'भ्रष्टाचार अवधारणा सूचकांक २०२३' को प्रतिवेदन अनुसार नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीबाट मुक्त हुन सकेको छैन । १८० देशमा गरिएको सर्वेक्षणमा नेपाल कम भ्रष्टाचार र सुशासनको सूचीमा १०८ औं स्थानमा परेको छ । जुन गत वर्षको ११० औं स्थानमा थियो । यस पटक दुई अंकले सुधार गरेको भए पनि भ्रष्ट आचरणका कारण बिग्रिएको सुशासनमा भने सूचकांक पार गर्न सकेको अवस्था छैन । राजनीतिमा पसेको पैसा मोहकै कारण शासन शैलीमा भ्रष्ट आचरण जीवित रहँदा नेपालको सुशासनमाथि भ्रष्टाचार हावी भएको मान्नु पर्छ । सुशासन र समृद्धिको पहिलो शत्रु सिद्ध, भ्रष्टाचार मौलाउने लहर झन् बढेको छ । स्वयम् सत्तारुढ तथा विपक्षी पार्टीसंबद्ध सांसदहरू नै संवैधानिक प्रावधानविरुद्ध प्रस्तुत हुन हिच्किाउँदैनन् । यस कार्यले बेथिति र भ्रष्टाचारहरू नमौलाएर के चाहिँ मौलाओस् त ? त्यसो भए भ्रष्टाचारमुक्त सुशासन र समृद्धिका सप्तरंगी भाषणहरूको वर्षा गराउँदै नेपालभित्र राजनीतिले साना-ठूला कसैले पनि विश्वासको चासो र रहर समेट्न सकिरहेका छैनन् । विगतले राजनीतिमाथि निकै ठूलो भरोसा राखे पनि वर्तमानले भ्रष्ट आचरण नभएका नेता वा नेतृत्व नै छैनन् भन्दैछ । नेपालको उन्नतिको प्रमुख बाधक भ्रष्ट आचरण रहेको सत्य नबुझ्ेका नेता पनि छैनन् तर पनि आचरण सुधार गर्न तयार नहुनु विडम्वना हो । साँच्चै नेपालको समृद्धि चाहने नेतृत्व हो भने आफू र आसेपासेमा रहेको भ्रष्ट आचार त्याग्नै पर्छ अनिमात्र समृद्धिको यात्रा देशले तय गर्न पाउने छ । ट्रान्सपरेन्सी नेपालले हरेक वर्ष भ्रष्टाचार नियन्त्रणका लागि सरकारलाई सुझाव दिने गरेको छ। ट्रान्सपरेन्सीले नेपालमा भ्रष्टाचार बढ्नुका चार मुख्य कारण औंल्याउने गरेको छ। दशकयता सार्वजनिक क्षेत्रको भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा प्रगति हुन नसकेको, सरकार भ्रष्टाचार नियन्त्रण गर्ने कार्यमा असफल रहेको, कमजोर न्याय प्रणालीले भ्रष्टाचारलाई मलजल गरेको र नेताहरूले न्यायलाई अवमूल्यन गरेकाले भ्रष्टाचारमा दण्डहीनता बढेको औंल्याउँदै ट्रान्सपरेन्सी नेपालले यसमा संशोधन हुनुपर्ने सुझाव दिएको छ। तर, सरकारमा जाने दल वा संसदमा नेतृत्व गर्ने कुनै पनि दलले भ्रष्टाचार नियन्त्रणमा निर्मम हुने हिम्मत गरेको अवस्था छैन । विगतदेखि परम्पराका रूपमा बढ्दै गएको भ्रष्ट आचरण हटाउन राजनीतिक नेतृत्वले हिम्मत नगरेसम्म नेपालको छविमा सुधार हुने छैन । नीति र नियममा चल्नु पर्ने सरकार निर्मम नबनेसम्म नेपालमा देखिएको भ्रष्टाचार घटेर सुधारको वातावरण निर्माण हुने छैन । तीन तहका सरकार रहेको नेपालमा सवै तहका सरकारको हालत भ्रष्ट आचरणबाट मुक्त नभएकै कारण संसारमा नेपालीले भ्रष्ट देशका बासिन्दाको पहिचान बोक्न बाध्य छन् । यस बाध्यात्मक अवस्था सम्झने नेपाली नागरिकको मनमा सरकारप्रति वितृष्णा बढ्न गएको हो । यस सत्यलाई राजनीतिले नजर अन्दाज गरेकै कारण देशमा थितिभन्दा विकृति बलवान बन्न सफल देखिन्छ । यसखाले अत्याचारबिरूद्ध हरेक सचेत नागरिकले पाखुरा बजारेर अगाडि बढ्न आवश्यक भइसकेको छ । देश छोडेर वा भागेर नेपालको शासन सत्ताको विकृति अन्त्य हुँदैन । यहीँ बसेर विकृतिबिरूद्ध लड्न सके भ्रष्ट आचरण अन्त्य गर्न सहजै सकिन्छ । यस्ता सोच भएका सपूत नेपाली छोराछोरी नजन्मेका हुन् या अगाडि नआएका हुन् ? दीर्घ प्रतिक्षाले उत्तर पाउन सकेको छैन तर, पनि सवल राष्ट्र निर्माणका लागि अब चाहिँ सोच्नै पर्ने बेला आइसकेको छ । भ्रष्टाचार सहेर होइन प्रतिरोध गरेर देश र समाजको उन्नति गर्नै पर्छ । राजनीतिसित सम्बन्ध गाँसेर बसेको भ्रष्टाचार अब नामेट बनाउन किन डराउने ? यहाँ सेवाका नाममा या पेशाका नाममा भइरहेका खराव कृयाकलाप रोक्न विद्रोहको आवाज बलियो बनाउनै पर्छ । शिक्षा, स्वास्थ्य जस्ता समाज उत्थानका महत्वपूर्ण क्षेत्रका नाममा गिरोह खडा गरी माफियातन्त्र बनाउँदै भ्रष्ट आचरण संरक्षित हुँदा बाल्यकालबाटै पैसा मोह बढिरहेको छ । यही पैसा मोहले मानिसमा बिस्तारै भ्रष्टचारी प्रवृत्ति विकास हुँदा समाज र देश नै भ्रष्ट बाटोमा गइरहेको स्पष्ट छ । यस प्रवृत्ति रोक्न नलाग्ने हो भने कुनै दिन भ्रष्ट आचरण नभएका नेपाली भेट्न कठिन नहोला भन्न सकिन्न ।

## झापामा कृषि प्रवर्द्धनका लागि १० करोड ५३ लाख

झापा(प्रस) । झापामा कृषि क्षेत्रको प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले १० करोड ५३ लाख अनुदान प्रदान गरेको छ । जिल्लामा सञ्चालित कृषिका प्रवर्द्धनात्मक कार्यक्रमबाट प्रतिफल पनि प्राप्त भएको छ ।

चालु आवमा जिल्लामा कृषि प्रवर्द्धनका लागि कोशी प्रदेश उद्योग, कृषि तथा सहकारी मन्त्रालयले यहाँका १४ वटा स्थानीय तहलाई नौ करोड पाँच लाख र कृषि ज्ञान केन्द्रमार्फत एक करोड ४८ लाख उपलब्ध प्रदान गरेको जिल्ला कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए । कोशी प्रदेश सरकारले स्थानीय तहलाई उपलब्ध गराएको ससर्त अनुदानमा कृषि बजार निर्माण र सिँचाइलाई बढी प्राथमिकता दिएको छ ।

जिल्लाका छ पालिकाका १२ स्थानमा कृषि बजार निर्माण तथा पूर्वाधार विकासका लागि तीन करोड ४० लाख, ११ वटा पालिकामा सिँचाइ विस्तारका लागि तीन करोड ससर्त अनुदान दिएको प्रमुख विष्टले बताए । जिल्लाका तीन वटा पालिकामा कृषि यान्त्रिकीकरणका लागि ५५ लाख, गह्रा सुधार तथा चाक्लाबन्दी खेतीका लागि ४० लाख, तोरी खेती तथा मौरीपालनका प्रवर्द्धन र तोरी प्रशोधन उपकरण खरिदका लागि ६० लाख उपलब्ध गराएको ज्ञान केन्द्रले जनाएको छ ।

नमूना कष्टम हाउसिङ सेन्टर स्थापनाका लागि ६० लाख, प्राङ्गारिक मल उत्पादन पूर्वाधार निर्माण गर्न ३० लाख र तरकारी सङ्कलन केन्द्र निर्माण गर्न २० लाख स्थानीय तहलाई ससर्त अनुदान उपलब्ध गराएको छ । कोशी प्रदेश सरकारले ज्ञान केन्द्रमार्फत जिल्लामा युवा लक्षित कार्यक्रमलाई प्राथमिकता दिएको छ । युवा लक्षित तरकारी, च्याउ, मह उत्पादन कार्यक्रमअन्तर्गत ३९ जना युवालाई एक-एक लाख अनुदान दिएको छ ।

यसैगरी, सुपारी प्रशोधन उद्योग पूर्वाधार यन्त्र उपकरण सहयोगअन्तर्गत सात वटा उद्योगलाई ४० लाख, जैविक विषादी उत्पादनका लागि एउटा कृषि सहकारी र फार्मलाई ७५/७५ हजार, जुटखेती प्रवर्द्धनका लागि छजना किसानलाई पाँच लाख, गड्यौँला मल तथा प्राङ्गारिक मल उत्पादनका लागि पाँच लाख, मागमा आधारित कार्यक्रमका लागि १२ लाख ५० हजार र केराखेतीका लागि ढुवानी साधनमा सहयोगका लागि १५ लाख अनुदान उपलब्ध गराएको ज्ञान केन्द्रले जनाएको छ ।

कृषि प्रवर्द्धन कार्यक्रमले जिल्लामा मकै र धान उत्पादन बढेको बढेको छ । मकै उत्पादकत्व पाँच मेट्रिकटन प्रतिहेक्टरबाट वृद्धि भई सात मेट्रिकटन पुगेको तथा धानको चार दशमलव पाँचबाट वृद्धि भएर पाँच दशमलव पाँच मेट्रिकटन प्रतिहेक्टर पुगेको ज्ञान केन्द्रका निमित्त प्रमुख विष्टले बताए ।

## दशनामी समाजको अधिवेशन मिति तय

बिर्तामोड(प्रस) ।नेपाल दशनामी समाज झापाले गाउँ, नगर, क्षेत्र र जिल्ला अधिवेशनको मिति तोकेको छ । समाजले भदौं मसान्तसम्ममा गाउँपालिका तथा नगरपालिकाको, कार्तिक मसान्तसम्म क्षेत्रको र चैत मसान्तसम्ममा झापा जिल्लाको अधिवेशन गर्ने भएको हो ।

समाजका झापा अध्यक्ष केदार गिरीको अध्यक्षता तथा केन्द्रीय संरक्षक भरतलाल गिरीको प्रमुख आतिथ्यमा बिर्तामोडमा शनिवार बसेको पूर्ण बैंठकले अधिवेशनको मिति तय गरेको झापा सचिव युवराज गिरीले जानकारी दिए । सचिव गिरीका अनुसार बैठकले समाजको बुट्टाबारीमा रहेको समाजको भवनमा शौचालय निर्माणलगायतका निर्णयसमेत गरेको छ ।

कार्यक्रममा केन्द्रीय सहकोषाध्यक्ष गोबिन्द गिरी, पूर्व केन्द्रीय सदस्य लवकुश गिरी, समाजका कोशी प्रदेश सदस्य कृष्ण बन, सिता भारती, झापा पूर्व अध्यक्ष खिलबहादुर गिरी (राजु), झापा उपाध्यक्ष सन्तोष गिरी, सह-सचिव हर्कलाल गिरी, कोषाध्यक्ष बालकृष्ण गिरी, बिर्तामोड नगर अध्यक्ष खड्गराज गिरी , अर्जुनधारा नगर अध्यक्ष होमनाथ पुरी, मेचीनगर नगर अध्यक्ष भूपेन्द्र गिरी, भद्रपुर नगरका इन्द्र बनलगायतको उपस्थिति रहेको थियो ।

## कोशी...

गरेको अनुसन्धानका क्रममा खुल्ने गरेको प्रहरीको भनाई छ ।

रिसलाई नियन्त्रण गर्न, परिवार र समाजलाई व्यवस्थापन गर्न सकियो भने पनि यस्ता घटना कम गर्न सकिने प्रहरीको बुझाई छ । यस्ता घटना कुनै उमेर समूहमा मात्रै सीमित देखिँदैन । लागूऔषधको प्रयोग र मदिराको सेवन गर्ने व्यक्तिले सन्तुलन गुमाउने डर अत्यधिक रहन्छ । त्यसैले स-साना विषयमा हुने झैझगडा वा सानो विषयको विवाद पनि हत्यासम्म पुगेको थुप्रै उदाहरण रहेको बताइएको छ ।

अहिले परिवार र आफन्तमा भएका अधिकांश हत्याको प्रवृत्ति हेर्ने हो भने रिस, आवेग, तनाव र मानसिक समस्याको कारणले भएको देखिन्छ । अहिले व्यक्तिले अर्काको भावना नबुझ्ने, सहयोग नगर्ने प्रवृत्ति देखिएको छ । यो पनि मानसिक समस्याको उपज हो । जसका कारण स-साना कुरामा पनि आक्रोशित हुँदा व्यक्तिले अपराधको सहारा लिने गरेको पछिल्ला उदाहरणबाट बुझ्न सकिन्छ ।

आफन्तले रिस उठाए भने बदलाको भावना लिने, सहन नसक्ने, पीडित हुने, गाह्रो हुने स्वभाव बढ्छ । यो परिस्थितिमा आफ्नैले आफ्नैलाई हत्या, अरूको हत्या गर्ने जस्ता घटनाको क्रम बढ्दै जाने समाजशास्त्री गोविन्दविक्रम चालिसेको भनाई छ । परिवार आफन्तभित्रै हुने हत्याको पछाडिको कारण सामाजिक विचलन भएको बुझाई उनको छ ।

व्यक्तिगत र सामाजिक कारणले हुने अधिकांश हत्या अवसर, अभाव र बदलासंग जोडिएका हुन्छन् । जुन परिवारमा विखण्डन छ, आर्थिक समस्या छ, त्यसैमा यस्तो घटना धेरै हुने गर्छ । श्रीमान र श्रीमतीबीच उब्जिएको शंका, उपशंका, अविश्वास, धर्म, संस्कार, चरित्र, बदला र चित्त नबुझे पनि सम्बन्धमा रहनुपर्ने दवाबले गर्दा पनि एक बिन्दुमा पुगेपछि एक अर्काको हत्यासम्म गराउने गरेको थुप्रै उदाहरण छन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा


सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

मेष: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

वृष: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

मिथुन: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

कर्कट: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

सिंह: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

कन्या: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

तुला: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

वृश्चिक: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

धनु: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

मकर: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

कुम्भ: ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

मिन: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ